फेदाप गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोक्लाबाङ, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

मितिः-२०७४/०४/१७

## बिषयः सूची दर्ता गर्ने सम्बन्धी सूचना ।

यस गाउँकार्यपालिकाको कार्यालयको लागि आ.व. २०७४/०७५ मा आवश्यकता भएका बखत मालसामान वा सेवा खरिद गर्नु पर्ने भएकोले तपशिल बमोजिमका मालसामान आपूर्ति तथा मर्मत, परामर्श तथा अन्य सेवा उपलब्ध गराउनका लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम १८ बमोजिम निरन्तर सूचिकृत हुन सक्ने व्यवस्था भएकाले इच्छुक इजाजत प्राप्त व्यक्ति, संस्था, फर्म, कम्पनी, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्थाले रु १० को टिकट टाँस गरी तोकिएको ढाँचा (सार्वजनिक खरिद नियमावलीको अनुसूची २'क') मा यस गाउँपालिकाको कार्यालयमा कार्यालय समय भित्र आवेदन दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त निवेदन उपर छानविन गरी सूचीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ । एक भन्दा बढी शिर्षकमा सूची दर्ता गर्नुपरेमा छुट्टाछुट्टै निवेदन पेश गर्नुपर्नेछ । साथै, रित नपुगी प्राप्त हुने निवेदन उपर कुनै कारवाही हुनेछैन ।

तपसिलः

खरिद/आपुर्ति तथा मर्मत सम्बन्धि

१. स्टेशनरी, मसलन्द, पत्रपत्रिका र कार्यालय सम्बन्धि अन्य सामान आपूर्ति सम्बन्धि
२. छपाइ सम्बन्धि कार्य
३. मेशीनरी औजार (कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी, फ्याक्स, स्क्यानर, मोबाइल, मोडेम एवं अन्य इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल सामान) आपुर्ति तथा सो को मर्मत
४. फर्निचर तथा फिनिसिङ सामानको आपूर्ति तथा मर्मत सम्बन्धी
५. सवारी साधन (दुइ पांग्रे, चार पांग्रे) आपुर्ति, पार्टपुर्जा तथा मर्मत सम्बन्धी
६. सार्वजनिक निर्माण तथा मर्मत (धारा, विजुली, शौचालय समेत) एवं रंगरोगन सम्बन्धि
७. सोलार जडान आपुर्ति तथा सो को मर्मत सम्बन्धि
८. पिउने पानी (बोतल/जार)
९. कुरियर सेवा
१०. स्थानीय सञ्चार माध्यममार्फत सूचना तथा सन्देश प्रसारण सम्बन्धी
११. इन्टरनेट सेवा, वेवसाइट तथा नेटवर्किङ सम्बन्धि सेवा आपुर्ति

परामर्श तथा अन्य सेवा तर्फः

१. कम्प्युटर/सूचना प्रविधि सम्बन्धि तालिम
२. सफ्टवेयर निर्माण/ईमेल/ईन्टरनेट/एसएमएस आपुर्ति सम्बन्धि सेवा
३. भवन तथा परिसर सरसफाई
४. तालिम तथा गोष्ठि, सेमिनार सञ्चालन गर्ने
५. विज्ञहरुको परामर्श सेवा (प्रोफाइल, गुरुयोजना संवन्धि)

आवश्यक कागजातहरु :

१. नविकरण सहितको संस्था वा फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि
२. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि
३. आ.व. २०७३।०७४ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. पेशागत कसुरमा कुनै सजाय पाए वा नपाएको व्यहोराको लिखित जानकारी

2074/4/16

सुमन लिङदेन (लिम्बु)
कार्यकारी अधिकृत